स्थानिय सरकार

# पाँचपोखरी थाङ्पाल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### थाङ्पालधाप, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

फोन : ०१-६२२७२०१
इमेल : ito.panchpokharithangpalmun@gmail.com
website: panchpokharithangpalmun.gov.np

पत्र संख्या :- २०७६/०७७
चलानी नं. ६६८

मिति :- २०७६।०८।०५

विषय :- अभिलेख कायम गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालय सबै
श्री पाँचपोखरी थाङ्पाल गाउँपालिका
थाङ्पालधाप, सिन्धुपाल्चोक ।

विभिन्न कारणले गर्दा अभिलेखहरु नष्ट भएका व्यतिगत घटना दर्ताका अभिलेखहरु कायम गर्ने सम्वन्धमा गृह मन्त्रालय राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको चलानी नं. ४६४ (२०७६/०७७) को मिति २०७६।०८।०२ को पत्रानुसार देहाय बमोजिम अभिलेख कायम गर्ने भनी निर्णय भएको हुदाँ सोही अनुसार गर्नु गराउनुहुन सवै वडा कार्यालयहरुलाई अनुरोध छ ।

**देहायः**

१) कार्यालयका अभिलेखहरु नष्ट भएको सन्दर्भमा उपलब्ध भएसम्म व्यक्तिगत घटना दर्ताको सक्कल प्रमाणपत्र पेश गर्न लगाउने । सक्कल प्रमाणपत्र हराईरहेको वा अन्य कुनै कारणले नष्ट भईसकेको रहेछ भने उपलब्ध भएसम्म उक्त प्रमाणपत्रको प्रतिलिपि वा निजले उक्त प्रमाणपत्रको प्रतिलिपि वा निजले उक्त व्यत्तिगत घटना दर्ताको प्रमाणपत्र लिईसकेको थियो भन्ने पुष्टी हुने कुनै प्रमाण पेस गर्न लगाउने ।

२) व्यक्तिगत घटना दर्ताका सूचना फाराम अन्यत्र कुनै निकायमा रहेको भए सो फारामको आधारमा प्रतिलिपि प्रदान गर्ने ।

३) कुनै कागज, प्रमाण नभएमा व्यक्तिगत घटना दर्ताको नयाँ सूचक फाराममा सूचकबाट सनाखत गर्न लगाउने ।

४) सूचकबाट सनाखत गरी आएको व्यक्तिग घटना दर्ताको सूचना फारामको आधारमा अभिलेख रजिष्ट्ररमा अभिलेख नष्ट भएको कारण जनाई साथै प्रमाणपत्रमा समेत पहिला घटना दर्ता प्रमाण पत्र जारी भए ता पनि कार्यालयमा अभिलेख नष्ट भएको कारण नयाँ प्रमाणपत्र जारी गरिएको भन्ने कारण जनाई प्रमाणित गरि घटना दर्ता प्रमाणपत्र जारी गर्ने ।

५) त्यसरी घटना दर्ता प्रमाणपत्र जारी गर्दा थप पुष्ट्याइ आवश्यक देखिएमा स्थानीय वडाका जनप्रतिनीधीहरु बाट वा कम्तिमा ५ जना नेपाली नागरिकबाट सर्जिमिन मुचुल्का तयार गरि पेश गर्न लगाउने ।

६) घटना दर्ताको प्रमाणपत्र जारी गर्ने स्थानीय पञ्जिधिकारीले उक्त व्यक्तिसँग आफैले सोधपुछ गर्ने ।

७) यसरी व्यक्तिगत घटना दर्ता गर्दा प्रमाणपत्र जारी गरिसकेपछि पुनः पुरानो प्रमाणपत्र फेला परेमा पछि जारी भएको प्रमाणपत्र स्वतः रद्द हुने व्यवस्था गरी पुरानो प्रमाणपत्रमा भएको विवरणको अभिलेख राख्ने ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner